# कृतज्ञता ज्ञापन

उत्तर बङ्ग विश्वविद्यालय कला, वाणिज्य अनि ऐन सङ्कायअन्तर्गत नेपाली विभागबाट विद्यावारिधि (पिएच डी) उपाधिका निम्ति प्रस्तुत शोधप्रबन्ध 'दार्जिलिङ पुलबजार खण्डमा पाइने लोकवार्ताको विश्लेषणात्मक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ। परम्परित र अलिखित रूपमा एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको ज्ञानलाई सैद्धान्तिक आधार दिएर अध्ययन गर्ने पद्धतिको विकास भएपछि संसारभरि नै त्यसको अध्ययन अनुसन्धान गर्ने कार्य भइरहेको छ। अतः यही विषयमा केन्द्रित रहेर अनुसन्धान गर्ने सुझाव विज्ञजन, अध्येताहरूबाट प्राप्त भएपछि आफू यस विषयतर्फ आकृष्ट भएर अघि बढ्ने काम गरिएको हो। यसैका फलस्वरूप प्रस्तुत शोधप्रबन्धले मूर्त रूप प्राप्त गरेको हो।

आफू बीए स्तरको छात्र हुँदादेखि नै पिएच डी गर्ने अठोट लिएर पढाइमा लागेपछि उत्तर बङ्ग विश्वविद्यालयअन्तर्गत एम फिल गर्दा गर्दै आफूलाई विश्वविद्यालय अनुदान आयोगले सन् २०१० मा जे आर एफ- का रूपमा चुनेपछि औपचारिक रूपमा अनुसन्धान कार्यमा प्रवेश गर्ने सुअवसर प्राप्त भएको थियो। पूर्ण विधिसम्मत रूपमा सम्पन्न गर्नुपर्ने अनुसन्धानजस्तो जटिल र श्रमसाध्य कार्य मेरा लागि पहरा फोरेर बाटो खन्नुजस्तै रह्यो। यस कार्यलाई यहाँसम्म ल्याउनमा मेरा गुरुजन, शुभचिन्तक तथा स्नेही व्यक्तिहरूको ठुलो सहयोग रहेको छ जसलाई म यहाँ सश्रद्धा एवम् सप्रेम सम्झना गर्न चहान्छु।

आफ्ना एकाधिक कार्यका माझमा पनि मलाई शोधकार्यमा दिशा निर्देश गर्नुहुने मेरा श्रद्धेय गुरु प्रोफेसर घनश्याम नेपालप्रति म कृतज्ञ छु। अनुसन्धानको विषय छनोटदेखि लिएर शोधकार्यका एकाधिक रीतिविधिबारे हरेकचोटि मेरा कमजोरी र अज्ञानतालाई सुधार्नमा उहाँले जति श्रम खर्चिनु भएको छ त्यसका निम्ति म उहाँप्रति आजीवन ऋणि रहनेछु।

शोधकार्यका प्रारम्भिक कालमा केही समय विभागका आदरणीय गुरु डा पुष्कर पराजुली मेरा शोध निर्देशकका रूपमा रहनुभएको थियो। प्रारम्भिक चरणदेखि पछिल्ला कालसम्म उहाँको सप्रेम सुझाव र हौसलाले यो कार्य सम्पन्न गर्नमा म सफल भएको छु। यसका निम्ति उहाँप्रति म विशेष आभार व्यक्त गर्दछु। शोधप्रबन्धलाई चाँडै मूर्त रूप दिने लोकवार्ता विषयमा विशेष कार्य गरी निरन्तर अघि बढ्ने हौसला दिनुहुने उत्तर बङ्ग विश्वविद्यालय, नेपाली विभागका वरिष्ठ प्रोफेसर डा मोहन पी दाहालप्रति आभार व्यक्त गर्दछु। वर्तमान नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालयका विभागाध्यक्ष डा कृष्णराज घतानीलाई उहाँको सुझाव, हौसला साथै शोधकार्यसँग सम्बन्धित विभागीय तकनिकी सहयोगका निम्ति धन्यवाद भन्न चहान्छु। शोध कार्यका क्रममा सुझाव दिनुहुने विभागका आदरणीय प्रोफेसर सञ्जय राई, शोधकै क्रममा सहयोग गर्नुहुने मेरा आत्मीय मित्र एवम् सोही नेपाली विभागकै उप-प्राध्यापक डुपछिरिङ लेप्चा साथै वहिनी उप-प्राध्यापिका श्रीमती कृष्णमाया मगरलाई पनि सम्झन चहान्छु। विभागका भूतपूर्व प्रोफेसर डा

भीमकान्त उपाध्याय र गुरुबा शान्तिराज शर्मालाई पनि प्रारम्भिक चरणका सुझावका निम्ति सम्झना गर्दछु। यस शोध कार्यलाई पूर्ण गर्नमा विशेष सहयोग गर्नुहुने आत्मीय दाजु डा बासुदेव थापा र भाइ सपन प्रधानलाई हार्दिक धन्यवाद दिन चहान्छु। उहाँहरूको साथ र सहयोगले मेरो कार्यलाई यहाँसम्म ल्याउन सकेँ। दाजुहरूमा डा योगेश पन्थ, डा टेकबहादुर छेत्री, सदीप प्रधान, डा दिपेन तामङ, सुरज गुरुङ, शीव ताम्लिङ, जगत सुब्बा, कमल गिरीलाई उहाँहरूका हौसलाका निम्ति सम्झना गर्न चहान्छु। मित्र भुपेन तामङ, डा देवचन्द्र सुब्बालाई सहयोगका निम्ति धन्यवाद दिन चहान्छु। भाइ रुपेश राई, मुक्तिनाथ शर्मा, योगेश लिम्बू, प्रकाश छेत्री, मनोज लिम्बू, बहिनी रिना सुब्बा, निलु गहतराज, नीता प्रधान, र दावा लेडेन शेर्पालाई विभिन्न सहयोग र हौसलाका निम्ति सम्झना गर्न चहान्छु। मैले शिक्षण पेशामा नियुक्त पाएपछि शोधकार्यलाई बराबर अघि बढाउनु चुनौती रहेको थियो। त्यस समय मेरा सहकर्मीहरूबाट आत्मीय साथ र हौसला पाएको थिएँ। त्यसैले गोरुबथान सरकारी महाविद्यालयका मेरा सहकर्मीहरू राजेन्द्र मिस्त्री, अर्पणा काल्देन, प्रसन छेत्री, अमृत शर्मा, डा सोनाम शेर्पा साथै प्रतीत तामङलाई यहाँ सम्झन चहान्छु।

यस शोधकार्यलाई पूर्ण गर्नका निम्ति विभिन्न पुस्तकालय, सरकारी अधिकारी तथा स्रोत व्यक्तिहरूको उल्लेखनीय सहयोग रहेको छ। यसै क्रममा उत्तर बङ्ग विश्वविद्यालयअन्तर्गत केन्द्रीय पुस्तकालयका कर्मचारीगण, दार्जिलिङ जिल्ला पुस्तकालयका अधिकारी अमृत सुब्बा, रेलिङ पुस्तकालयका कर्मचारी समीर चाम्लिङ, बिजनबारी ग्रामीण पुस्तकालयका कर्मचारीगण, दार्जिलिङ पुलबजार खण्ड बिकास अधिकारी र कर्मचारीगणसँग उहाँहरूको सहयोगप्रति कृतज्ञ छु। यो शोधकार्य मुख्यतः क्षेत्रकार्यको सर्वेक्षणमा आधारित छ जसका निम्ति मैले एकाधिक शोध सहयोगीहरूसँग कार्य गर्नु परेको थियो। मैले अन्तर्वार्ता लिएका उक्त शोध सहयोगी व्यक्तिहरूका जानकारी परिशिष्टमा राखेको छु। उहाँहरूको साथ र सहयोग बिना यो कार्य सम्भव थिएन। उहाँहरूले दिनुभएको त्यस सहयोगका निम्ति म उहाँहरूप्रति विशेष कृतज्ञ छु।

मलाई धेरै 'पढेर ठुलो मान्छे हुनू' भनी सँधै आशीर्वाद दिनुहुने मेरा आदरणीय बाबा मनबहादुर सुब्बा अनि ममतामयी आमा सुकमाया सुब्बा, दिदी भेना रीता सुब्बा अनि रमेश सुब्बा, माइला भाइ पृथीराज र बुहारी इन्सा गुरुङ, कान्छा भाइ अर्पण र बुहारी अर्पणा मुखिया, बहिनी टेनु, सोनुहाङ, राधिका र काका-काकीलाई उनीहरूको साथ, सहयोग र मप्रतिको विश्वासका निम्ति सम्झना गर्दछु। अन्त्यमा मेरा हरेक दुःख सुखमा साथ दिने मेरी प्यारी श्रीमति अञ्जना सुब्बा र प्राण प्यारी छोरी फुङनामलाई स्नेहसहित सम्झना गर्न चहान्छु।

ज्ञानेन्द्र सुब्बा
नेपाली विभाग, गोरुबथान सरकारी
महाविद्यालय
कालेबुङ।